नेपाल टेलिकम
(नेपाल दूरसंचार कम्पनी लिमिटेड)
केन्द्रीय कार्यालय
पदपूर्ति समितिको
सूचना नं १।०७८।७९

गो.प.मा प्रकाशित मिति २०७८।०८।०३

**कार्यक्षमता मुल्यांकन वढुवाको सूचना**

लोक सेवा आयोगबाट सहमति प्राप्त हुन आए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरुमा नेपाल दूरसंचार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (पहिलो सशोधन समेत) को विनियम ११, ३५, ३६, ३७, ३८, ३९, ४०,४१ र ४७ बमोजिम कार्यक्षमता मूल्यांकनको आधारमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकोले विनियम ३५ को (२) बमोजिम कम्पनीको सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको पदमा २०७८ साल आषाढ मसान्त सम्म ३ बर्ष स्थायी सेवा अबधि पुगेका तथा अनुसूची-२ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीहरुले आफूले हासिल गरेको न्यूनतम शैक्षिक योग्यता तथा थप शैक्षिक योग्यता, नियुक्ति तथा सरुवा, रमाना पत्र, जेष्ठता, भौगोलिक क्षेत्रको अनुभव र कार्यालय प्रमुख भै कार्य गरेको भए मिति स्पष्ट देखिने प्रमाणपत्रहरु Online फारामको निर्दिष्ट स्थानमा Upload गरि यो सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र यस कम्पनीको website www.ntc.net.np वा recruit.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तोकिएको म्याद भित्र रित पुर्वक Online मार्फत दरखास्त नभरेमा सो समय पश्चात बढुवाको लागि दरखास्त फाराम भर्ने कुनै व्यवस्था नभएको व्यहोरा समेत जानकारी गराइन्छ । म्याद नाघि प्राप्त भएको दरखास्त उपर कुनै कारवाही हुने छैन । Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरु तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरुको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ ।

आवेदकले Online दरखास्त भरे पश्चात् System बाट प्राप्त हुने Token No. उल्लेख भएको Confirmation Slip को प्रतिलिपि संलग्न गरी Online फाराम भर्दा Upload गरिएका कागजातहरुको प्रतिलिपि काठमाण्डौं उपत्यकास्थित कार्यालयको हकमा कम्पनीको केन्द्रिय कार्यालय, पदपूर्ति सचिवालयमा र उपत्यका बाहिरका कार्यालयहरुको हकमा सम्बन्धित क्षेत्रीय निर्देशनालय मार्फत केन्द्रिय कार्यालय, पदपूर्ति सचिवालयमा ७ दिन भित्र आइपुग्ने गरी पठाउनु हुन समेत अनुरोध गरिन्छ ।

साथै कार्यक्षमता मूल्यांकन वढुवा प्रक्रियामा आवेदकको जेष्ठता,शैक्षिक योग्यता, भौगोलिक लगायतका अंक गणना सम्बन्धी कार्य कम्पनीको मानव संशाधन विभाग, किताब शाखाको ERP मा रहेको बैयक्तिक विवरण अनुसार हुने भएकोले आवेदक आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, समकक्षता खुल्ने प्रमाणपत्र, डिबिजन खुल्ने प्रमाणपत्र, स्थायी ठेगानामा परिवर्तन लगायतका विवरणहरु ERP System मा Update नभएको भए सो समेत अनिवार्य रुपमा अद्यावधिक गराउनु हुन अनुरोध गरिन्छ ।

पुनश्च : नेपाल दूरसंचार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ को विनियम ३५, ३७, ३८, ३९ र ४० मा भएको संशोधन सम्बन्धि व्यवस्था यो विनियमावली प्रारम्भ भएको मितिले एक बर्ष पछि प्रारम्भ हुनेछ भन्ने विनियम ४७ मा व्यवस्था रहेको हुंदा बढुवाको शर्तमा परिवर्तन भएका व्यवस्थाहरुको हकमा साविकको नेपाल दूरसंचार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०६१ मा रहेको व्यवस्था बमोजिम हुने व्यहोरा समेत अनुरोध छ ।

| सि.नं. | बि.नं. | पदको नाम | सेवा,समूह | तह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०७८/७९ | ना.प्र.नि. तथा निर्देशक | प्रा/टे | ११ | १० |
| २ | २/२०७८/७९ | ना.प्र.नि. अर्थ तथा आ.ले.प. | प्र./ले. | ११ | २ |
| ३ | ३/२०७८/७९ | ना.प्र.नि. प्रशासन | प्र./प्र. | ११ | १ |
| ४ | ४/२०७८/७९ | ना.प्र.नि. कम्पनी सचिव | मिश्रित (प्र./प्रा.) | ११ | १ |
| ५ | ५/२०७८/७९ | निर्देशक/प्रबन्धक, टेलिकम | प्रा/टे | १० | २८ |
| ६ | ६/२०७८/७९ | प्रबन्धक, सिभिल | प्रा./सि. | १० | १ |
| ७ | ७/२०७८/७९ | प्रबन्धक, प्रशासन | प्र./प्र. | १० | ३ |
| ८ | ८/२०७८/७९ | प्रबन्धक,लेखा | प्र./ले. | १० | ३ |
| ९ | ९/२०७८/७९ | उप प्रबन्धक, टेलिकम | प्रा/टे | ९ | २२ |
| १० | १०/२०७८/७९ | उप प्रबन्धक, सिभिल | प्रा./सि. | ९ | २ |
| ११ | ११/२०७८/७९ | उप प्रबन्धक, प्राबिधिक | प्रा./प्रा. | ९ | १ |
| १२ | १२/२०७८/७९ | उप प्रबन्धक, लेखा | प्र./ले. | ९ | ३ |
| १३ | १३/२०७८/७९ | उप प्रबन्धक, प्रशासन | प्र./प्र. | ९ | ५ |
| १४ | १४/२०७८/७९ | उप प्रबन्धक, कानून | प्र./प्र. | ९ | १ |
| १५ | १५/२०७८/७९ | वरिष्ठ इन्जिनियर, टेलिकम | प्रा/टे | ८ | १६ |
| १६ | १६/२०७८/७९ | वरिष्ठ इन्जिनियर, सिभिल | प्रा./सि. | ८ | २ |
| १७ | १७/२०७८/७९ | वरिष्ठ प्राबिधिक अधिकृत, निर्माण तथा मर्मत | प्रा./प्रा. | ८ | २ |
| १८ | १८/२०७८/७९ | वरिष्ठ लेखा अधिकृत | प्र./ले. | ८ | ६ |
| १९ | १९/२०७८/७९ | वरिष्ठ प्रशासकिय अधिकृत, कानून | प्र./प्र. | ८ | १ |
| २० | २०/२०७८/७९ | वरिष्ठ प्रशासकिय अधिकृत | प्र./प्र. | ८ | १२ |
| २१ | २१/२०७८/७९ | वरिष्ठ व्यापार अधिकृत | प्र./प्र. | ८ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | २२/२०७८/७९ | प्राबिधिक अधिकृत | प्रा./प्रा. | ७ | १४ |
| २३ | २३/२०७८/७९ | प्राबिधिक अधिकृत, निर्माण तथा मर्मत | प्रा./प्रा. | ७ | २ |
| २४ | २४/२०७८/७९ | लेखा अधिकृत | प्र./ले. | ७ | १८ |
| २५ | २५/२०७८/७९ | प्रशासकिय अधिकृत, कानून | प्र./प्र. | ७ | २ |
| २६ | २६/२०७८/७९ | प्रशासकिय अधिकृत | प्र./प्र. | ७ | १५ |
| २७ | २७/२०७८/७९ | व्यापार अधिकृत | प्र./प्र. | ७ | १५ |
| २८ | २८/२०७८/७९ | सहायक प्राबिधिक अधिकृत | प्रा./प्रा. | ६ | ११ |
| २९ | २९/२०७८/७९ | सहायक लेखा अधिकृत | प्र./ले. | ६ | ३ |
| ३० | ३०/२०७८/७९ | सहायक प्रशासकिय अधिकृत | प्र./प्र. | ६ | ३ |
| ३१ | ३१/२०७८/७९ | सहायक व्यापार अधिकृत | प्र./प्र. | ६ | ३ |
| ३२ | ३२/२०७८/७९ | सिनियर टेक्निसियन | प्रा./प्रा. | ५ | १९ |
| ३३ | ३३/२०७८/७९ | वरिष्ठ सहायक | प्र./प्र. | ५ | ८ |
| ३४ | ३४/२०७८/७९ | टेक्निसियन | प्रा./प्रा. | ४ | २६ |
| ३५ | ३५/२०७८/७९ | जुनियर टेक्निसियन | प्रा./प्रा. | ३ | १७ |
| ३६ | ३६/२०७८/७९ | लाइनमेन | प्रा./प्रा. | २ | ३ |

**बढुवा भई पदस्थापन हुने कार्यालयहरु :**

१) **प्राविधिक अधिकृत, तह ७ (प्रा.)** :- दू.सं.का. दार्चुला, बाजुरा, बझाङ्ग, अछाम, बैतडी, रुकुम, मुगु, कालिकोट, जुम्ला, जाजरकोट, हुम्ला, डोल्पा, रोल्पा, जोमसोम, मनाङ्ग, सोलु, भोजपुर, ताप्लेजुङ्ग र खांदवारी ।

२) **टेक्निसियन, तह ४ (प्रा.)** :- दू.सं.का. सुर्खेत, घोराही, मंगलापुर, गैडाकोट, कावासोती, लहान, मलङ्गवा, इलाम, धनकुटा, धुलावारी, सुरुङ्गा, कांकडभिट्टा, टंकिसिनवारी, फिदिम, खांदबारी, ताप्लेजुङ्ग, गाईघाट, भोजपूर, फिक्कल, दिक्तेल, पथरी, सोलु, लुक्ला, दुहवी, तेह्रथुम, कटारी,

३) **जुनियर टेक्निसियन, तह ३ (प्रा.)** :- लेटाङ्ग, नाम्चे, गरुडा, पालुङ्ग, रामेछाप, वुर्तिवाङ्ग, अरुणखोला, त्रिवेणी, गल्याङ्ग, मुर्गिया, खजुरा, चन्द्रौटा, लालमट्टिया, राजापुर, भुरीगाउं, छिन्चु र भजनी ।

४) अन्य पदहरुको हकमा बढुवा सिफारिस हुंदाको योग्यताक्रमको आधारमा उपत्यका बाहिरका कार्यालयहरुमा पदस्थापन गरिने ।

सदस्य सचिव
पदपूर्ति समिति

नेपाल टेलिकम
(नेपाल दूरसंचार कम्पनी लिमिटेड)
केन्द्रीय कार्यालय
पदपूर्ति समितिको
सूचना नं.२।०७८।७९

गो.प.मा प्रकाशित मिति २०७८।०८।०३

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको सूचना

लोकसेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरुमा नेपाल दूरसंचार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (पहिलो सशोधन समेत) को विनियम ११, १६, ३४ र ४१ बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा समूहको एक तह मुनिको पदमा यो सूचना प्रकाशित भएको मितिले २१ दिन वा अन्तिम मितिसम्ममा तीन वर्ष स्थायी सेवा अवधि पुरा भएका तथा नेपाल दूरसंचार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ को अनुसूची-२ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कम्पनीका कर्मचारीहरुबाट Online दरखास्त आव्हान गरिएको छ ।

योग्य उम्मेदवारहरुले कम्पनीको Website: www.ntc.net.np वा recruit.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिनुपर्नेछ । रित नपुगी, म्याद नाघी वा दरखास्त साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु संलग्न नभई पेश भएको दरखास्त उपर कुनै कारवाही हुने छैन । Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरु तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरुको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ ।

| सि.नं. | वि.नं. | पदको नाम | सेवा, समूह | तह | पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ३७/२०७८/७९ | निर्देशक/प्रबन्धक, टेलिकम | प्रा./टे. | १० | ३ | रु.१०००/- |
| २ | ३८/२०७८/७९ | प्रबन्धक,लेखा | प्र./ले. | १० | १ | रु १०००/- |
| ३ | ३९/२०७८/७९ | उप प्रबन्धक, टेलिकम | प्रा./टे. | ९ | ६ | रु.८००/- |
| ४ | ४०/२०७८/७९ | उप प्रबन्धक, लेखा | प्र./ले. | ९ | १ | रु.८००/ |
| ५ | ४१/२०७८/७९ | उप प्रबन्धक, प्रशासन | प्र./प्र. | ९ | १ | रु.८००/- |
| ६ | ४२/२०७८/७९ | वरिष्ठ इन्जिनियर, टेलिकम | प्रा./टे. | ८ | ४ | रु.८००/- |
| ७ | ४३/२०७८/७९ | वरिष्ठ प्राविधिक अधिकृत | प्रा./प्रा. | ८ | १ | रु.८००/- |
| ८ | ४४/२०७८/७९ | वरिष्ठ लेखा अधिकृत | प्र./ले. | ८ | १ | रु.८००/- |
| ९ | ४५/२०७८/७९ | वरिष्ठ प्रशासकिय अधिकृत | प्र./प्र. | ८ | ३ | रु.८००/- |
| १० | ४६/२०७८/७९ | वरिष्ठ ब्यापार अधिकृत | प्र./प्र. | ८ | २ | रु.८००/- |
| ११ | ४७/२०७८/७९ | टेलिकम ईन्जिनियर, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन | प्रा./टे. | ७ | ९ | रु.७००/- |
| १२ | ४८/२०७८/७९ | टेलिकम ईन्जिनियर, कम्प्युटर | प्रा./टे. | ७ | ३ | रु.७००/- |
| १३ | ४९/२०७८/७९ | टेलिकम ईन्जिनियर, इलेक्ट्रिकल | प्रा./टे. | ७ | २ | रु.७००/- |
| १४ | ५०/२०७८/७९ | प्राविधिक अधिकृत | प्रा./प्रा. | ७ | ५ | रु.७००/- |
| १५ | ५१/२०७८/७९ | इन्जिनियर,सिभिल | प्रा./सि. | ७ | १ | रु.७००/- |
| १६ | ५२/२०७८/७९ | लेखा अधिकृत | प्र./ले. | ७ | ६ | रु.७००/- |
| १७ | ५३/२०७८/७९ | प्रशासकिय अधिकृत | प्र./प्र. | ७ | ५ | रु.७००/- |
| १८ | ५४/२०७८/७९ | व्यापार अधिकृत | प्र./प्र. | ७ | ६ | रु.७००/- |
| १९ | ५५/२०७८/७९ | सहायक प्राविधिक अधिकृत | प्रा./प्रा. | ६ | ४ | रु.७००/- |
| २० | ५६/२०७८/७९ | सहायक लेखा अधिकृत | प्र./ले. | ६ | २ | रु.७००/- |
| २१ | ५७/२०७८/७९ | सहायक प्रशासकिय अधिकृत | प्र./प्र. | ६ | १ | रु.७००/- |
| २२ | ५८/२०७८/७९ | सहायक व्यापार अधिकृत | प्र./प्र. | ६ | १ | रु.७००/- |
| २३ | ५९/२०७८/७९ | सिनियर टेक्निसियन | प्रा./प्रा. | ५ | ६ | रु.५००/- |
| २४ | ६०/२०७८/७९ | वरिष्ठ सहायक | प्र./प्र. | ५ | २ | रु.५००/- |
| २५ | ६१/२०७८/७९ | टेक्निसियन | प्रा./प्रा. | ४ | ९ | रु.५००/- |
| २६ | ६२/२०७८/७९ | जुनियर टेक्निसियन | प्रा./प्रा. | ३ | ५ | रु.३००/- |

१. **परीक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता, लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।

२. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया :** Online दरखास्त फाराम Submit गरे पश्चात Payment Option मा गई Namaste Pay, Connect IPS, e-Sewa तथा Khalti वालेटहरु मध्ये कुनै एक छनौट गरी भुक्तानी गर्न सकिनेछ वा कम्पनीका महशुल काउण्टरहरुबाट भुक्तानी गर्न चाहने आवेदकहरुले Token No. उल्लेखित Slip सहित ढिलोमा दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट ( उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) महशुल काउण्टर खुल्ने समय भित्र कम्पनीका महशुल काउण्टरहरुमा गइ भुक्तानी गर्न सक्नेछन् ।

३. **दरखास्त भर्ने अन्तिम मिति** : २०७८/०८/२३ सम्म

४. **लिखित परीक्षा संचालन हुने मिति, समय र केन्द** :उपरोक्त विज्ञापनहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सूचनामा प्रकाशित गरे बमोजिम तोकिएको मिति, समय र केन्द्रमा संचालन हुनेछ ।

५. **पाठ्यक्रम :**लिखित परीक्षाको पाठ्यक्रमहरु यस कम्पनीको website: www.ntc.net.np बाट प्राप्त गर्न सकिने छ ।

६. दरखास्त दिने अन्तिम मिति भन्दा पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाण पत्र, परिषद् दर्ता प्रमाण पत्र, तालीम, अनुभव र सेवा अबधि मान्य हुनेछैन । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

सदस्य सचिव
पदपूर्ति समिति

नेपाल टेलिकम
(नेपाल दूरसंचार कम्पनी लिमिटेड)
केन्द्रीय कार्यालय
पदपूर्ति समितिको
सूचना नं ३।०७८।७९

गो.प.मा प्रकाशित मिति २०७८।०८।०३

**खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको दरखास्त आव्हान सम्बन्धी सूचना**

नेपाल दूरसंचार कम्पनी लिमिटेडमा रिक्त रहेका पदहरुमा पदपूर्ति प्रक्रिया अगाडि बढाउन **लोक सेवा आयोग**बाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरुमा नेपाल दूरसंचार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (पहिलो सशोधन समेत) बमोजिम खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले निम्नानुसार योग्यता पुगेका, विनियम १७ बमोजिम अयोग्य नभएका तथा लोक सेवा आयोगबाट परीक्षामा अनियमितता गरेको सम्बन्धमा यस अघि निश्चित अवधिसम्म आयोगद्वारा संचालित कुनैपनि परीक्षामा सहभागि हुन नपाउने गरी कारवाहीमा नपरेका इच्छुक नेपाली नागरिकहरुबाट Online दरखास्त आव्हान गरिएको छ ।

आवेदकले नेपाली नागरिकताको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, दस्तखतको नमूना, आफूले हासिल गरेको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु, तालिम, अनुभव, परिषद् दर्ता प्रमाणपत्र, समावेशिताको प्रमाणपत्र, समकक्षता निर्धारण पत्रहरु Online फारामको निर्दिष्ट स्थानमा Upload गरि कम्पनीको Website www.ntc.net.np वा recruit.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिनुपर्नेछ । रित नपुगी, म्याद नाघी वा दरखास्त साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु संलग्न नभई पेश भएको दरखास्त उपर कुनै कारवाही हुने छैन । Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरु तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरुको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ ।

लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।

| सि.नं. | विज्ञापन नं. | पद, | सेवा/समूह | तह | खुला र समावेशी पद संख्या | | | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुला | महिला | आदिवाशी / जनजाती | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र | |
| १ | ६३/२०७८/७९ | उपप्रबन्धक, टेलिकम | प्रा./टे. | ९ | २ | १ | | | | | | ३ |
| २ | ६४/२०७८/७९ | उप प्रबन्धक, लेखा | प्र./ले | ९ | | १ | | | | | | १ |
| ३ | ६५/२०७८/७९ | उप प्रबन्धक, प्रशासन | प्र./प्र. | ९ | १ | | | | | | | १ |
| ४ | ६६/२०७८/७९ | वरिष्ठ इन्जिनियर, टेलिकम | प्रा./टे. | ८ | १ | | | | १ | | | २ |
| ५ | ६७/२०७८/७९ | वरिष्ठलेखा अधिकृत | प्र./ले | ८ | | १ | | | | | | १ |
| ६ | ६८/२०७८/७९ | वरिष्ठ लेखा अधिकृत, चा.ए. | प्र./ले | ८ | १ | | १ | १ | | | | ३ |
| ७ | ६९/२०७८/७९ | वरिष्ठ प्रशासकिय अधिकृत | प्र./प्र. | ८ | १ | १ | | | | | | २ |
| ८ | ७०/२०७८/७९ | वरिष्ठ ब्यापार अधिकृत | प्र./प्र. | ८ | १ | | | | | | | १ |
| ९ | ७१/२०७८/७९ | टेलिकम इञ्जिनियर ( इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन ) | प्रा./टे. | ७ | २६ | ८ | ७ | ५ | १ | १ | | ४८ |
| १० | ७२/२०७८/७९ | टेलिकम इञ्जिनियर ( कम्प्युटर) | प्रा./टे. | ७ | ११ | ३ | २ | २ | १ | १ | | २० |
| ११ | ७३/२०७८/७९ | टेलिकम इञ्जिनियर ( इलेक्ट्रीकल ) | प्रा./टे. | ७ | ७ | २ | | १ | १ | १ | | १२ |
| १२ | ७४/२०७८/७९ | इन्जिनियर,सिभिल | प्रा./सि | ७ | ५ | २ | १ | १ | | | | ९ |
| १३ | ७५/२०७८/७९ | सहायक लेखा अधिकृत | प्र./ले | ६ | ७ | २ | २ | १ | | १ | | १३ |
| १४ | ७६/२०७८/७९ | सहायक प्रशासकिय अधिकृत,कानून | प्र./प्र. | ६ | १ | १ | | | | | | २ |
| १५ | ७७/२०७८/७९ | सहायक प्रशासकिय अधिकृत | प्र./प्र. | ६ | ५ | २ | १ | १ | १ | १ | | ११ |
| १६ | ७८/२०७८/७९ | सहायक व्यापार अधिकृत | प्र./प्र. | ६ | ६ | १ | १ | १ | १ | १ | | ११ |
| १७ | ७९/२०७८/७९ | ओभरसियर | प्रा./प्रा. | ५ | ८ | २ | २ | २ | १ | | | १५ |
| १८ | ८१/२०७८/७९ | टेक्निसियन | प्रा./प्रा. | ४ | २९ | ८ | ७ | ५ | २ | १ | १ | ५३ |
| १९ | ८२/२०७८/७९ | सहायक | प्र./प्र. | ४ | १५ | ५ | ३ | ३ | १ | | १ | २८ |
| २० | ८३/२०७८/७९ | जुनियर टेक्निसियन | प्रा./प्रा. | ३ | १९ | ५ | ४ | ३ | १ | १ | १ | ३४ |

**आवश्यक न्यूनतम योग्यता:**

१. **उप-प्रवन्धक ,टेलिकम पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समुह को अधिकृतस्तरको पदमा शुरु सेवा प्रवेशको लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको तथा नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पांच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

सम्बन्धित सेवा समूहको अधिकृतस्तरको पदमा शुरु सेवा प्रवेशको लागि तोकिएको विषय भन्नाले “टेलिकम्युनिकेशन्स एण्ड कम्युनिकेशन वा रेडियो वा इलेक्ट्रीकल एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स वा Information Technology, Computer Software वा Computer Hardware इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग ( कम्युनिकेशन, इलेक्ट्रोनिक्स,कम्प्युटर,रेडियो मध्ये कुनै एक विषय) वा Computer Science, Information Communication वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय वा इलेक्ट्रिकल वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय वा मेकानिकल, रेफ्रिजरेशन एण्ड एयर कण्डिसन वा मेकानिकल इन्जिनियरिङ्ग वा सो सरहको कुनै एक विषय” भन्ने बुझिन्छ ।

२. **उप-प्रवन्धक, लेखा पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन,बाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पांच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

३. **उप-प्रवन्धक, प्रशासन पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पांच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

४. **वरिष्ठ इन्जिनियर, टेलिकम पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समुह को अधिकृतस्तरको पदमा शुरु सेवा प्रवेशको लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको तथा नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पांच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

सम्बन्धित सेवा समूहको अधिकृतस्तरको पदमा शुरु सेवा प्रवेशको लागि तोकिएको विषय भन्नाले "टेलिकम्युनिकेशन्स एण्ड कम्युनिकेशन वा रेडियो वा इलेक्ट्रीकल एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स वा Information Technology, Computer Software वा Computer Hardware इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग ( कम्युनिकेशन, इलेक्ट्रोनिक्स,कम्प्युटर,रेडियो मध्ये कुनै एक विषय) वा Computer Science, Information Communication वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय वा इलेक्ट्रिकल वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय वा मेकानिकल, रेफ्रिजरेशन एण्ड एयर कण्डिसन वा मेकानिकल इन्जिनियरिङ्ग वा सो सरहको कुनै एक विषय" भन्ने बुझिन्छ ।

५. **वरिष्ठ लेखा अधिकृत, लेखा पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन,बाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पांच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

६. **वरिष्ठ लेखा अधिकृत, चा.ए. पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी वा सर्टिफाइड पब्लिक एकाउण्टेन्सी परीक्षा उत्तिर्ण गरी प्रचलित नेपाल कानून बमोजिम नेपाल चार्टर्ड एकाउण्टेन्ट संस्थामा दर्ता भएको।

७. **वरिष्ठ प्रशासकिय अधिकृत पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पांच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

८. **वरिष्ठ ब्यापार अधिकृत पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा अर्थशास्त्र, गणित वा तथ्यांकशास्त्र मध्ये कुनै एक मूल बिषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पांच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

९. **टेलिकम इञ्जिनियर ( इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन ) पदको लागि** : मान्यताप्राप्त शिक्षण संस्थाबाट टेलिकम्युनिकेशन्स एण्ड कम्युनिकेशन वा रेडियो वा इलेक्ट्रीकल एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स वा Information Technology, Computer Software वा Computer Hardware इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग ( कम्युनिकेशन, इलेक्ट्रोनिक्स,कम्प्युटर,रेडियो मध्ये कुनै एक विषयमा) स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको ।

१०.**टेलिकम इञ्जिनियर ( कम्प्युटर) पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer science, Information Technology, Information Communication, Computer Software, Computer Hardware वा कम्प्युटर इन्जिनियरिङ्ग वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको ।

११. **टेलिकम इञ्जिनियर ( इलेक्ट्रीकल ) पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल वा इलेक्ट्रिकल एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको ।

१२.**इञ्जिनियर , सिभिल पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको ।

१३.**सहायक लेखा अधिकृत पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह उत्तीर्ण गरेको ।

१४. **सहायक प्रशासकीय अधिकृत, कानून पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून बिषयमा स्नातक तह उत्तिर्ण ।

१५. **सहायक प्रशासकीय अधिकृत पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै बिषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

१६. **सहायक ब्यापार अधिकृत पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित वा तथ्यांकशास्त्र मध्ये कुनै एक मूल बिषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

१७.**ओभरसियर पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा आर्किटेक्ट वा सर्भे इन्जिनियरिङ्गमा प्रमाणपत्र तह वा सो सरह वा डिप्लोमा तह उत्तिर्ण गरेको ।

१८. **टेक्निसियन पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी नेपाल दूरसंचार कम्पनी लिमिटेडको दूरसंचार तालिम केन्द्रबाट ट्रान्समिशन,आउटसाइड,पावर , स्विचिङ्ग वा टेलिकम टेक्निसियनको तालिम प्राप्त वा राष्ट्रिय सिप परीक्षण केन्द्रबाट ट्रान्समिशन,आउटसाइड,पावर, स्विचिङ्ग बिषयमा तह २ को सीप परीक्षण उत्तिर्ण भएको ।

**१९.सहायक पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. मा कम्तीमा जि.पि.ए. दुई प्राप्त वा एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको ।

**२०.जुनियर टेक्निसियन पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तिर्ण गरी नेपाल दूरसंचार कम्पनी लिमिटेडको दूरसंचार तालिम केन्द्रबाट ट्रान्समिशन,आउटसाइड,पावर, स्विचिङ्ग वा टेलिकम टेक्निसियनको तालिम प्राप्त वा राष्ट्रिय सिप परीक्षण केन्द्रबाट ट्रान्समिशन,आउटसाइड,पावर, स्विचिङ्ग बिषयमा तह १ को सीप परीक्षण उत्तिर्ण भएको ।

**उमेरको हद :** दरखास्त दिने अन्तिम मिति सम्ममा सहायक स्तरको पदको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, तह ६ देखि तह ७ सम्मको अधिकृत स्तरको पदको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा तह ८ र तह ९ को अधिकृतस्तरको पदको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ । साथै सबै पदका लागि महिला र अपांगता भएका उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्ने छ । उक्त प्रयोजनको लागि उमेरको गणना गर्दा दरखास्त बुझाउने अन्तिम मिति (२१ दिनको म्याद) लाई आधार मानिनेछ । दोब्बर दस्तुर बुझाई दरखास्त दिन पाउने अबधिलाई गणना गरिने छैन । नेपाल दूरसंचार कम्पनीको बहालवाला स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

**परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक (प्राबिधिक सेवा तर्फ तह ३ र तह ४ को लागि मात्र) ।

**परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** Online दरखास्त फाराम Submit गरे पश्चात Payment Option मा गई Namaste Pay, Connect IPS, e-Sewa तथा Khalti वालेटहरु मध्ये कुनै एक छनौट गरी भुक्तानी गर्न सकिनेछ वा कम्पनीका महशुल काउण्टरहरुबाट भुक्तानी गर्न चाहने आवेदकहरुले Token No. उल्लेखित Slip सहित ढिलोमा दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) महशुल काउण्टर खुल्ने समय भित्र कम्पनीका महशुल काउण्टरहरुमा गइ तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर भुक्तानी गर्न सक्नेछन् ।

**दरखास्त भर्ने अन्तिम मिति :** २०७८/०८/२३ सम्म र दोब्बर दस्तुर तिरी २०७८/०९/०१ सम्म ।

**लिखित परीक्षा संचालन हुने मिति, समय र केन्द्र :**

उपरोक्त विज्ञापनहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सूचनामा प्रकाशित गरे बमोजिम तोकिएको मिति, समय र केन्द्रमा काठमाण्डौंमा संचालन हुनेछ ।

परीक्षा दस्तुर :- देहाय बमोजिम लाग्ने छ :

| सि.नं. | पद/तह | दस्तुर(रु.) | प्रत्येक समावेशी समूहको लागि थप |
|---|---|---|---|
| १ | अधिकृतस्तर तह ८ र तह ९ को लागि | रु.८००।- (आठ सय) | अधिकृतस्तर को लागि रु.२००।- ( दुई सय) |
| २ | अधिकृतस्तर तह ६ र ७ को लागि | रु.७००।- (सात सय) | |
| ३ | सहायकस्तर तह ४ र ५ को लागि | रु.५००।- (पाँच सय) | सहायकस्तर को लागि रु.१००।- ( एक सय) |
| ४ | सहायकस्तर तह ३ को लागि | रु.३००।- (पाँच सय) | |

नोट : खुलातर्फ आवेदन नगरी समावेशी समूहतर्फ मात्र आवेदन गरेमा पहिलो एक समूहको लागि खुला सरह परीक्षा दस्तुर लाग्नेछ । थप समावेशी समूहको लागि माथि उल्लेख भए बमोजिम थप दस्तुर लाग्नेछ ।

दरखास्त दिने अन्तिम मिति (सिङ्गल दस्तुरको म्याद) भन्दा पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाण पत्र, परिषद् दर्ता प्रमाण पत्र, तालीम, अनुभव, सेवा अबधि मान्य हुनेछैन । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

पाठ्यक्रमहरु यस कम्पनीको website: www.ntc.net.np बाट प्राप्त गर्न सकिने छ ।

**समावेशी समूहतर्फ दरखास्त दिंदा उम्मेदवारहरुले तयार गर्नु पर्ने थप कागजातहरु** :

समावेशी समूहतर्फका विज्ञापनहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरेर मात्र दरखास्त दिनु पर्दछ । उल्लेखित कागजातहरु नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) अपाङ्गता भएका व्यक्तिको हकमा : स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

(घ) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ङ) पिछडिएको क्षेत्रको हकमा : अछाम, कालिकोट,जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात ।

(च) काम गर्नुपर्ने कार्यालयहरु : कम्पनीका विभिन्न निर्देशनालय, विभाग तथा काठमाण्डौं उपत्यका बाहिरका कार्यालयहरु ।

**Online दरखास्त भर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरु :**

(१) कम्पनीले vacancy तथा परीक्षा सम्बन्धि सूचनाहरु आवेदकको Email Id मा नै पठाउने हुंदा आवेदकले आफ्नो आधिकारीक Email Id प्रयोग गरेर मात्र Registration गर्नु हुन अनुरोध गरिन्छ । Registration पश्चात् system बाट आवेदकको Email मा Activation को लागि link जानेछ, आवेदकले उक्त link मा Activation गरेपछि Registration गर्दा राखेको email लाई user Id को रुपमा र बनाएको password लाई

password को रुपमा प्रयोग गरी Login गर्न सकिनेछ । यस अघिका विज्ञापनमा आवेदन गरेका आवेदकहरुले पहिलेकै user Id र password प्रयोग गर्न सक्नेछन् । password बिर्सेमा forgot password मा गई reset गर्न सकिनेछ ।

(२) online apply को लागि सिधै recruit.ntc.net.np वा यस कम्पनीको website www.ntc.net.np को Career भित्र रहेको Apply vacancy online मा गई Login गरी Profile entry मा click गरी क्रमशः Profile,Family details, Education,Training, Experience, Council तथा Privilege group मा गई आवेदन गर्ने पदको लागि माग बमोजिमका आवश्यक विवरणहरु entry गर्नुका साथै Documents Upload गरी Save गर्दै जानुपर्नेछ । बढुवा तथा आ.प्र.को लागि आवेदन गर्ने नेपाल टेलिकममा कार्यरत स्थायी कर्मचारीहरुले आफ्नो Profile मा NT Staff छनोट गरी Emloyee Id Type गरेपछि खुल्ने Service History Tab मा गई विज्ञापन गरिएको पदको लागि आवश्यक Informations entry गर्नुका साथै Documents Upload गर्नुपर्नेछ । तर खुलातर्फ मात्र आवेदन गर्ने आवेदकले Service History मा entry गर्नु पर्दैन । Upload गरिने Document तथा फोटोको Size 200kbs भन्दा बढी हुनु हुँदैन । नेपालीमा नाम Type गर्दा Unicode मात्र प्रयोग गर्नुपर्नेछ । आवेदकले Upload गर्ने Passport साइजको फोटो हालसालै खिचिएको तथा मुखाकृति प्रष्ट देखिने हुनुपर्छ ।

**पुनश्च** : Online मार्फत फाराम भर्दा कुनै समस्या भएमा यस कम्पनीको सम्पर्क टेलिफोन नं. ०१४२१०४१६, ०१४२१०४७३, ०१४२१०४१५, ०१४२१०४६२ मा साथै email : recruit@ntc.net.np मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## पदस्थापन हुने कार्यालयहरु :

१) **सहायक, तह ४ (प्र.)** :- दू.सं.का. ताप्लेजुङ्ग, खांदबारी, दिक्तेल ,सोलु, लुक्ला, रसुवा, बाह्रबिसे, बेसीशहर, बेनी, कुश्मा, मनाङ्ग, जोमसोम, अर्घाखांची, डोल्पा, हुम्ला, जाजरकोट, जुम्ला, कालिकोट, मुगु, अछाम, बैतडी, चैनपुर, बाजुरा, दार्चुला, ओखलढुङ्गा, बाग्लुङ्ग, डडेलधुरा र पाल्पा ।

२) **टेक्निसियन, तह ४ (प्रा.)** :-दू.सं.का. चरीकोट, रसुवा, चौतरा, मन्थली, सिन्धुली, गोरखा, बेसीशहर, बेनी, कुश्मा, ,स्याङ्गजा, वालिङ्ग, दुलेगौडा, आंबुखैरेनी, मनाङ्ग, जोमसोम, गुल्मी, तौलिहवा, बर्दघाट, अर्घाखांची, कृष्णनगर, परासी, लमही, गुलरिया, विजुवार, प्युठान, रोल्पा, रुकुम पूर्व, दैलेख, डोल्पा, हुम्ला, जाजरकोट, जुम्ला, कालिकोट, मुगु, रुकुम, सल्यान, अत्तरिया, अछाम, बैतडी, चैनपुर, बाजुरा, दार्चुला, दिपायल, डोटी, बेलौरी, टिकापुर, लम्की, डडेलधुरा, धादिङ्ग, त्रिशुली, ओखलढुङ्गा, बाग्लुङ्ग र पाल्पा ।

३) **जुनियर टेक्निसियन, तह ३ (प्रा.)** :- कलैया, जलेश्वर, गौर, निजगढ, बर्दिबास, हरीवन, लालबन्दी, बरथहवा, सिराहा, गोलबजार, मिर्चैया, चरीकोट, रसुवा, बाह्रबिसे, गोरखा, बेसीशहर, कुश्मा, डोल्पा, हुम्ला, जाजरकोट, जुम्ला, कालिकोट, मुगु, रुकुम, सल्यान, अछाम, बैतडी, चैनपुर, बाजुरा, दार्चुला ओखलढुङ्गा भण्डारा, लुम्विनी, र बाग्लुङ्ग ।

४) अन्य पदहरुको हकमा सिफारिस हुंदाको योग्यताक्रमको आधारमा उपत्यका बाहिरका कार्यालयहरुमा पदस्थापन गरिने ।

सदस्य सचिव

पदपूर्ति समिति